# साझा सेवा
## (सहकारी संस्था)लि.
**केन्द्रीय कार्यालय : बल्खु, काठमाडौं ।**

### छत्तीसौं साधारण सभा बस्ने मिति, समय र स्थान

१. मिति : २०७७ साल माघ २३ गते ( तदनुसार ५ फेब्रुअरी, २०२१) शुक्रबार ।

२. समय : बिहान ११:३० बजे ।

३. स्थान : यलमाया केन्द्र ढोकैमा क्याफे प्रा. लि., पाटनढोका, ललितपुर ।

### छलफलको विषय- सूची

१. अध्यक्षज्यूद्वारा प्रस्तुत सञ्चालक समितिको प्रतिवेदन छलफल गरी पारित गर्ने ।

२. लेखा सुपरिवेक्षण समितिका संयोजकद्वारा प्रस्तुत लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन छलफल गरी पारित गर्ने ।

३. संस्थाको आ.व. २०७६/७७ को लेखापरिक्षकको प्रतिवेदन सहित संस्थाको वासलात, आयव्यय हिसाब तथा नगद प्रवाह विवरण माथि छलफल गरी पारित गर्ने ।

४. आ.व २०७७/७८ को लेखापरिक्षण गर्न मान्यता प्राप्त लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने ।

५. सञ्चालक समितिले प्रस्ताव गरेअनुसार ४.१९ प्रतिशतका दरले हुने नगद लाभांश वितरण गर्ने प्रस्ताव स्वीकृत गर्ने ।

६. सञ्चालक समितिका अध्यक्ष र एक जना महिला सहित सदस्यहरु ३ जना र लेखा सुपरिवेक्षण समितिका संयोजक र सदस्यहरु २ जनाको लागि निर्वाचन ।

७. विविध :

### साधारण सभासम्बन्धी जानकारी

क. शेयरधनी सदस्यहरुले मिति : २०७७/१०/१८ सम्ममा आफ्नो प्रतिनिधिको परिचयपत्रको प्रतिलिपि सहित आधिकारिक जानकारी लिखित रुपमा पठाउनु पर्नेछ ।

ख. एक शेयरधनी सदस्यले एक जनामात्र प्रतिनिधि पठाउनु पर्नेछ । एकभन्दा बढी प्रतिनिधि आएमा पहिलो आधिकारिक प्रतिनिधिलाई मान्यता दिइनेछ ।

ग. निर्वाचन सम्बन्धी कार्यक्रमको जानकारीको लागि संस्थाको वेभसाइट www.sajhasewa.com.np मा हेर्नुहुन तथा केन्द्रीय कार्यालय, बल्खु, काठमाडौंको फोन नं. ०१-४२८२३५६ मा सम्पर्क गर्नु होला ।

साझा सेवा (सहकारी संस्था लि.) २०३१

२०७७/०९/२८